# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


सुपरिवेक्षण तथा अनुसन्धान विभाग
(नीति, अनुसन्धान तथा
योजना महाशाखा)

पत्र संख्या: नी.अ.यो. २०७५।७६

मिति : २०७६।०१।०३

चलानी नं.: १५८४

अत्यन्त जरुरी

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबारप्लाजा, काठमाडौं ।

**विषय : लगानीकर्तासँग प्रत्यक्ष रेडियो संवाद कार्यक्रम सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा बोर्डले धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी सर्वसाधारणको सचेतना अभिवृद्धि गर्ने तथा गुनासा/जिज्ञासाहरु सम्बोधन गर्ने उद्देश्यले यही २०७६ वैशाख ४ बुधबारदेखि रेडियो कान्तिपुर (९६.१ मेघाहर्ज) बाट विहान ७:३० देखि ८:०० बजेसम्मको अवधिमा लगानीकर्तासँग प्रत्यक्ष रेडियो संवाद कार्यक्रमको लाइभ प्रसारण गर्न लागेको जानकारी गराउँदै सर्वसाधारण लगानीकर्तालाई यस सम्बन्धी जानकारी गराइदिन निर्देशानुसार अनुरोध छ । साथै यो कार्यक्रम आगामी दिनमा प्रत्येक महिनाको पहिलो बुधबार विहान ७:३० देखि ८:०० बजेसम्मको अवधिमा निरन्तर लाइभ प्रसारण हुने व्यहोरा समेत अनुरोध छ ।

साथै, बोर्डले धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी जानकारी देशभरका सर्वसाधारणमा प्रवाह गरी उनीहरुलाई साक्षर बनाउन विश्व लगानीकर्ता सप्ताह, २०१८ (अक्टोबर १-७) को अवसर पारी २०७५ असोज महिनादेखि पाक्षिक रुपमा प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७:४० बजेदेखि ७:५५ सम्म रेडियो नेपालमार्फत धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी कार्यक्रम प्रसारण गर्दै आइरहेको व्यहोरा समेत सर्वसाधारण लगानीकर्ताहरुलाई जानकारी गराइदिन निर्देशानुसार अनुरोध छ ।

भवदीय,

(रेवत श्रेष्ठ)
सहायक निर्देशक

सहायक निर्देशक

**बोधार्थ:**

१. श्रीमान् अध्यक्षज्यूको कार्यालय, नेपाल धितोपत्र बोर्ड ।
२. श्री सुपरीवेक्षण तथा अनुसन्धान विभाग, नेपाल धितोपत्र बोर्ड ।
३. श्री नियमन तथा व्यवस्थापन विभाग, नेपाल धितोपत्र बोर्ड ।


Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5544076, 5551162, 5544077, 5550512, 5541057, 5541058 Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np